# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, कार्तिक २२ गते २०१६ साल [अतिरिक्ताङ्क २१

श्री ५ को सरकार

पञ्चायत मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको नगर पञ्चायत (निर्वाचन) (संशोधन) नियमावली, २०१६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

नगर पञ्चायत (निर्वाचन) नियमावली, २०१६ (यस पछि मूल नियमावली भनिएको) मा संशोधन गर्नु वाञ्छनीय भएकोले,

नगर पञ्चायत ऐन, २०१६ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम नगर पञ्चायत (निर्वाचन) (संशोधन) नियमावली, २०१६ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीमा संशोधनः– मूल नियमावलीको नियम ७१ पछि निम्नलिखित परिच्छेद ८ र फाराम नम्बर ७ पछि निम्नलिखित फारामहरू थपिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद—८

### प्रधानपञ्च र उप–प्रधान पञ्चको निर्वाचन

७२. निर्वाचित उम्मेदवारको फिहरिस्त खडा गर्नेः— नियम ४४ बमोजिम तयार गरिएको परिणाम तालिका बमोजिम निर्वाचन अफिसरले सो नगरपञ्चायत क्षेत्रभरीको निर्वाचित उम्मेदवारहरूको फिरिस्त तयार गर्नेछ, र सो नामावली सर्वसाधारणले हेर्न पाउने गरी आफ्नो अफिसमा टांस्नेछ र यथासम्भव समाचारपत्रमा पनि प्रकाश गर्नेछ ।

७३. मिति, समय र स्थानहरू तोक्नेः— नियम ७२ बमोजिम फिहरिस्त प्रकाश गरिसके-पछि आखिरी निर्वाचन परिमाण घोषणा भएको यथासम्भव शीघ्र निर्वाचन अफिसरले प्रधान पञ्च र उप–प्रधानपञ्चको लागि उम्मेदवारको दरखास्त दिने म्याद र स्थान, जांचबूझ गर्ने मिति र समय तथा नाम फिर्ता लिन पाउने आखिरी मिति र निर्वाचन हुने मिति, समय र स्थान तोक्नेछ । त्यस्तो तोकिए ो सूचना सबै निर्वाचित सदस्य-हरूले थाहा पाउन सक्ने गरी प्रकाश गर्नेछ ।

७४. उम्मेदवारको लागि दरखास्त दिनेः— (१) प्रधान पञ्च वा उप–प्रधान पञ्चको लागि उम्मेदवार हुन वा गराउन सो नगर पञ्चायतको कुनै पनि सदस्यले नियम ७३ बमोजिम तोकिएको म्यादभित्र तोकिएको स्थानमा फाराम नं. ८ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्दछ ।

(२) उप–नियम (१) बमोजिमको प्रत्येक दरखास्तमा प्रस्तावक सदस्यले आफ्नो नाम, ठेगाना र प्रस्तावित उम्मेदवार सदस्यको नाम, ठेगाना लेखी आफ्नो दस्तखत गरी प्रस्तावित उम्मेदवार र एक जना समर्थक सदस्यसमेतको दस्तखत गराई पेश गर्नुपर्दछ ।

तर एकै व्यक्ति दुईटा पदको लागि उम्मेदवार हुन वा उही उम्मेदवारको प्रस्तावक तथा समर्थक दुवै हुन वा एउटाको लागि प्रस्तावक वा समर्थक भइसकेपछि अन्य कुनै सदस्यको लागि सोही पदको निमित्त प्रस्तावक वा समर्थक हुन पाउनेछैन ।

७५. दरखास्तको जांच बूझ गर्नेः— नियम ७४ बमोजिम पर्न आएको दरखास्तमा नियम ७३ बमोजिम तोकिएको मिति, समय र स्थानमा निर्वाचन अफिसरले जांच बूझ गर्नेछ, र साना तिना सामान्य त्रुटी भएको बाहेक रीत नपुगेको दरखास्तहरूलाई खारेज गर्नेछ ।

७६. दरखास्त फिर्ता लिनेः— प्रस्तावित उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा दर-खास्तपत्रको सिल सिला नम्बरसमेत उल्लेख गरी पत्र लेखी नियम ७३ बमोजिम तोकि-एको मितिभित्र आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७७. निर्विरोध छानिने:– (१) नियम ७४ बमोजिम प्रधान पञ्च र उप–प्रधान पञ्च दुवै पदको लागि एक एक वटा दरखास्त पर्न आएमा वा कुनै एक पदको लागि एउटा मात्र दरखास्त पर्न आएमा वा दरखास्तको जांच बूझ गर्दा वा दरखास्त फिर्ता लिंदा एउटा मात्र कायम हुन आएमा त्यस्तो पदमा सो बांकी उम्मेदवार निर्विरोध छानिएको भनी निर्वाचन अफिसरले घोषणा गर्नेछ।

(२) उप–नियम (१) बमोजिम निर्विरोध छानिएमा सो पदको लागि नियम ७३ बमोजिम तोकिएको दिनमा निर्वाचन गर्नुपर्ने छैन ।

७८. उम्मेदवारको फिहरिस्त प्रकाश गर्ने:– नियम ७६ बमोजिम दरखास्त फिर्ता लिने अवधि समाप्त भएपछि निर्वाचन अफिसरले बांकी कायम हुन आएको प्रधान पञ्च र उप–प्रधान पञ्चको लागि उम्मेदवार हुनेहरूको छुट्टा छुट्टै नामावली तयार गरी प्रकाशित गर्नुपर्छ ।

७९. निर्वाचन सञ्चालन गर्ने:– नियम ७३ बमोजिम तोकिएको प्रधान पञ्च र उप–प्रधान पंचको लागि निर्वाचन हुने मिति, समय र स्थानमा निर्वाचन अफिसर वा निजले यस कामको लागि नियुक्त गरेका पोलिङ्ग अफिसरको रेख देखमा निर्वाचनको सञ्चालन हुनेछ, र निजलाई मद्दतको लागि आवश्यक कर्मचारीहरू रहने छन् ।

८०. मतदानपत्रको ढांचा:– (१) प्रधान पञ्च र उप–प्रधान पञ्चको लागि फाराम नम्बर ६ बमोजिमको ढाँचाको मतदानपत्र प्रयोग गरिनेछ ।

(२) मतदानपत्रमा उम्मेदवारको नाम उल्लेख गर्दा वर्णानुक्रमले राख्नुपर्दछ।

८१. मतदानपत्र खसाल्न अगावै गर्ने:– (१) मत लिने काम शुरू हुन अगावै सो कामको लागि प्रयोग हुने व्यालेट बक्सलाई निर्वाचन अफिसरले खोल्नेछ र सो समयमा उपस्थित भएका उम्मेदवार वा निजको प्रतिनिधिलाई सो बक्स जंचाई तिनीहरू सबैको सामुन्नेमा बन्द गर्नेछ । सो बाकसमा निर्वाचन अफिसरले आफ्नो र उपस्थित उम्मेदवारले चाहेमा निजको पनि सहिछाप लगाई सो नबिगारी फेरि बाकस खोल्न नहुने गरी ल्हाछाप लगाउनेछ ।

(२) उप–नियम (१) बमोजिमको व्यालेट बाकसलाई एउटा गुप्त कोठामा राखिनेछ ।

८२. मत दिने तरीका:– (१) प्रत्येक मतदाता सदस्यले मतदानपत्र लिंदा मतदाताहरूको सूचीको १ प्रसतमा सहिछाप गर्नेछ ।

(२) मतदानपत्र पाएपछि मतदाता तुरुन्त मत दिने कोठामा जानुपर्छ र आफ्नो मतदानपत्रमा आफूले रोजेको व्यक्तिको नामको अगाडिपट्टी रहेको कोठामा रेजा चिन्ह (✓) दिई सो मतदानपत्रलाई पट्याई व्यालेटबक्सभित्र पस्ने गरी खसाल्नु पर्दछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) मतदानपत्र व्यालेटबक्सभित्र खसाल्नेवित्तिकै सो कोठा छाडी बाहिर आउनुपर्दछ। सो चिन्ह चढाई मत दिन लाग्ने समयभन्दा बढ्ता कुनै मतदाता पनि सो कोठामा बस्नु हुंदैन।

(४) मतदाताहरू मत दिने कोठामा एक एक गरी पस्ने छन्। अघिल्लो व्यक्ति बाहिर न निस्कंदै अरू व्यक्तिलाई सो कोठामा पठाउनु हुंदैन।

८३. मतदानपत्र फिर्ता दिई अर्को लिनेः– (१) कुनै मतदाताले आफ्नो मतदानपत्र पाएपछि त्यसमा आफ्नो मत दिने चिन्ह चढाउंदा वा अरू कुनै कारणले च्यातिएमा वा फोहर भएमा त्यसलाई फर्काइ अर्को मतदानपत्र लिन सक्नेछ। मतदानपत्र जिम्मालि ने कर्मचारीले यस्तो फर्काएको मतदानपत्रलाई खारेज गरी सो मतदातालाई अर्को मतदानपत्र दिनुपर्दछ। त्यस्तो कर्मचारीले खारेज गरिएको मतदानपत्रको सिलसिला नम्बर लेखी राख्नुपर्दछ।

(२) कुनै मतदाताले आफ्नो मतदानपत्रमा मत दिने चिन्ह चढाउने तरीकाबारे सोधेमा त्यहां खटिएका कर्मचारीले बताइदिनुपर्दछ।

८४ मत लिने काम सकिएपछि व्यालेट बक्सहरू बन्द गर्नेः– (१) मत लिने काम सकिए-पछि नियम ८६ बमोजिम मत गिन्ती गर्ने काम सोही दिन गर्न नभ्याउनेभएमा निर्वाचन अफिसरले सो व्यालेट बक्सको मतदानपत्र छिराउने प्वाल बन्द गर्नुपर्दछ र बन्द गरेको प्वाल छाप नफोडी खोल्न नहुने गरी आफ्नो लाहाछापहरू लगाई उम्मेदवारले चाहेमा निजको समेत छाप लगाउन दिनुपर्दछ।

(२) खर्च नभएको मतदान-पत्रहरू र खारेज गरिएको मतदानपत्रहरू पनि छुट्टा छुट्टै खामहरूमा बन्द गरी उप–नियम (१) बमोजिम लाहाछाप लगाई बन्द गर्नुपर्दछ।

८५ मत दिने अधिकार निषेध नहुनेः– परिच्छेद ६ बमोजिम कुनै निर्वाचित सदस्यको निर्वाचनको सम्बन्धमा उजूर परेको भएता पनि सो उजूरको किनारा नहुन्जेलसम्म निजलाई यस परिच्छेद बमोजिम उम्मेदवार हुन र मत दिन निषेध गरिने छैन।

८६ मत गिन्तीः– (१) मत लिने काम सकिएपछि निर्वाचन अफिसरको विचारमा मत गिन्ती गर्ने काम सोही दिन गर्न भ्याउने भएमा सोही दिन मत गिन्ती गरिनें छ। सोही दिन नभ्याउनेभएमा नियम ८४ बमोजिम गरी राखी भोलिपल्ट मत गिन्ती गरिनेछ र सो कुरा सबै उम्मेदवारलाई पनि सूचित गर्नुपर्दछ।

(२) उप–नियम (१) बमोजिम मत गन्ती गर्दा मतदानपत्र खसालिएको व्यालेटबक्स नियम ८१ (२) बमोजिमको कोठाबाट बाहिर ल्याई उपस्थित सबै उम्मेदवार वा निजको प्रतिनिधिहरूको सामुन्नेमा सो बक्सभित्रको सबै मतदानपत्रहरू बाहिर झिकी तंगी मिलाएर राख्नुपर्दछ र नियम ८७ बमोजिम बदर हुने मतदानपत्र-छुट्याई सदर मतदानपत्रको मात्र गिन्ती गर्नुपर्दछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८७. बदर हुने मतदानपत्रहरू:– देहायमा लेखिएका मतदानपत्रहरू बदर हुने छन्:–

(१) मत दिने मतदाता चिन्न सकिने गरी कुनै चिन्ह वा केही कुरा लेखिएको मतदानपत्र,

(२) निर्वाचन अफिसरको दस्तखत नभएको मतदान पत्र,

(३) कुनैपनि उम्मेदवारको नाम अगाडिको कोठामा चिन्ह नलागेको मतदानपत्र,

(४) एकभन्दा बढी उम्मेदवारको नामको अगाडि चिन्ह लागेको मतदानपत्र,

(५) दुई नामको बीचमा कुन चाँहि उम्मेदवारको लागि मत दिएको हो भन्ने नछुट्टिने गरी कोठा बाहिर चिन्ह लागको मतदानपत्र ।

८८. निर्वाचनको परिणाम घोषणा गर्ने:– (१) नियम ८६ बमोजिम मत गन्ती गरिसकेपछि प्रत्येक उम्मेदवारहरूले पाएको मतदानपत्रको कूल संख्या चढाई परिणाम तालिका भर्नुपर्छ र सो परिणाम तालिकामा खसालिएको मतको ५० प्रतिशतभन्दा बढी मत पाउने उम्मेदवारलाई प्रधान पञ्च वा उप–प्रधान पञ्च निर्वाचित भएको घोषणा गर्नुपर्छ ।

(२) यदि कुनैपनि उम्मेदवारले ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्न सकेनभने परिणाम तालिकाका सबैभन्दा बढी मत प्राप्त गर्ने क्रमानुसार प्रथम र दोस्रालाई कायमराखी अरूलाई उम्मेदवारको लिष्टबाट हटाई केवल पहिलो र दोस्रोलाई उम्मेदवार कायम गरी पुन: मतदान गराई ५० भन्दा बढी मत प्राप्त गर्नेलाई विजयी घोषित गर्नुपर्छ । मत बराबर भए निर्वाचन अफिसरले गोला हाली निर्णय गर्नुपर्छ ।

(३) परिणामको घोषणा गरेपछि परिणाम तालिकाको एक एक प्रति सबै उम्मेदवारलाई र श्री ५ को सरकारको सम्बन्धित विभागमा तुरुन्तै पठाउनुपर्दछ ।

८९. कागजात राख्ने:– यस परिच्छेद बमोजिम संचालन गरिएको निर्वाचन सम्बन्धी कागजातको हकमा नियम ४५ बमोजिम गरी सुरक्षित तवरबाट राख्नुपर्दछ ।

९०. उजूरी:– यस परिच्छेद सम्बन्धी काम कुरा उपरको उजूरका सम्बन्धमा परिच्छेद ६ बमोजिम हुनछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## फाराम नं. ८

( नियम ७४ संग सम्बन्धित )

**दरखास्त–पत्र**

(प्रस्तावकले भर्नुपर्ने)

... ... ... नगर पञ्चायतको ... ... पदको
(नगर पञ्चायतको नाम) (प्रधान पञ्च वा उप–प्रधान पञ्च)
लागि एकजना उम्मेदवारको रूपमा यस नगर पञ्चायतका सदस्य श्री ... ...
(उम्मेदवार हुनेको नाम)
को नाम म प्रस्तावित गर्दछु ।

(१) प्रस्तावकको ।
नामः–
वडा नम्बरः–
ठेगानाः–

(२) उम्मेदवारको
नामः–
वडा नम्बरः–
ठेगानाः–
मितिः– प्रस्तावकको सही,

---

(उम्मेदवारले भर्नुपर्ने)

... ... ... नगर पञ्चायतको ... ... को निर्वाचनको लागि
(नगर पञ्चायतको नाम) (प्रधान पञ्च वा उप–प्रधानपञ्च)
... ... ... ले मेरो नाम प्रस्तावित गर्नुभएकोमा सो निर्वाचनको उम्मेदवार भई
(प्रस्तावक)
खडा हुन मेरो मन्जूरीछ ।

उम्मेदवारको सही,

---

(समर्थकले भर्नुपर्ने)

... ... ... नगर पञ्चायतको ... ... को निर्वाचनको लागि
(नगर पञ्चायतको नाम) (प्रधान पञ्च वा उप–प्रधान पञ्च)
श्री ... ... ... को नाम प्रस्तावित गरिएकोमा म त्यसको समर्थन गर्दछु ।
(उम्मेदवारको नाम)
मितिः– समर्थकको सही,

---

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

222

## भरपाई

( निर्वाचन अफिसरले भर्नुपर्ने )

दरखास्तपत्रको सिल सिला नम्बर

... ... ... नगर पञ्चायतको ... ... ... ...

(प्रधान पञ्च वा उप–प्रधान पञ्च)

पदको लागि उम्मेदवार भै यस पञ्चायतका नं. ... वडाबाट निर्वाचित सदस्य श्री (उम्मेदवार

को दरखास्तपत्र म कहां ... गते ... बजे दाखिल भयो। दरखास्तपत्र हरूको जांच बूझ ... ... गर्ने (स्थान) मा बजे हुनेछ।

मितिः– निर्वाचन अफिसरको सही,

## फाराम नं. ६

( नियम ८० संग सम्बन्धित )

### मतदान–पत्र

... ... ... नगर पञ्चायतको ... ... को पदको लागि

( प्रधान पञ्च वा उप–प्रधान पञ्च)

उम्मेदवार भएको व्यक्तिहरू

[ ] ... ... ... ... ... ...

[ ] ... ... ... ... ...

[ ] ... ... ... ... ...

[ ] ... ... ... ... ...

कृपया पछाडि पट्टीको तरीका हेर्नु होस् निर्वाचन अफिसर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

(पछाडि पट्टी)

(१) उम्मेदवारहरूको नाम वर्णानुक्रमले रहेकोछ ।

(२) निर्वाचन अफिसरको दस्तखत भए नभएको हेर्नुहोला निजको दस्तखत नभएको मतदानपत्र बदर हुनेछ ।

(३) आफूले रोजेको कुनै एक उम्मेदवारको नामको अगाडि पट्टी रहेको कोठा ◇ ◇ यस्तो प्रकारको ✓ रेजा चिन्ह दिनुपर्दछ जस्तै (। ✓ ।)

(४) उम्मेदवारमध्ये कुनै एउटाको अगाडिमात्र चिन्ह लगाउनुहोला र चिन्ह नलगाइकन त्यसै नखसाल्नुहोला नत्र यो मतदानपत्र बदर हुनेछ ।

(५) यस मतदानपत्रमा आफले लगाउनुपर्ने चिन्ह बाहेक तपाइंको नामवा दस्तखत वा अन्य कुनै केही कुरापनि नलेख्नुहोला ।

(६) यो मतदानपत्र च्यातिएमा वा फोहर भएमा फिर्ता दिएर अर्को मतदानपत्र लिन् पाउनु हुन्छ ।

आज्ञाले–
(कुलशेखर शर्मा)
श्री ५ को सरकारको सचिव,
पञ्चायत मन्त्रालय ।

गोरखापत्र छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार